# विद्युत् नियमन आयोग

(विद्युत् नियमन आयोग ऐन, २०७४ बमोजिम स्थापित स्वायत नियमनकारी निकाय)

पत्र संख्या: २०८३/०८४
चलानी नं: २६०

मिति२०८३/०५/३१
नेपाल संवत: ११४६

**श्री युनाईटेड मोदी हाइड्रोपावर लिमिटेड,**
**कमलादी, काठमाडौँ।**
**सम्पर्क नं: ०१-४१६९११३**

**विषय: हकप्रद शेयर निष्कासनको पूर्व-स्वीकृति प्रदान गरिएको सम्बन्धमा।**

प्रस्तुत विषयमा पर्वत जिल्लामा अवस्थित १० मे.वा. क्षमताको तल्लो मोदी-१ जलविद्युत आयोजनाको लागि विद्युत उत्पादन अनुमतिपत्र प्राप्त तहाँ कम्पनीको हाल अधिकृत पूँजी रु. २,५०,००,००,०००।, जारी पूँजी रु. २,०३,०३,२५,०००।– र कायम चुक्ता पूँजी रु. १,२३,०५,००,०००।- को **१:०.६५** अनुपातले हुन आउने पुँजी रु. ७९,९८,२५,००० ।– बराबरको हकप्रद शेयर निष्कासनको पुर्व-स्वीकृतिका लागि मिति २०८३/०१/१४ मा प्राप्त भएको निवेदन सम्बन्धमा छलफल हुँदा निवेदक कम्पनीबाट प्राप्त कागजात तथा विवरणको अध्ययनबाट कम्पनीको ११औँ वार्षिक साधारण सभाको निर्णयमा मिति २०८११०२।२७ गतेको दशौं वार्षिक साधारण सभाबाट हाल कायम रहेको चुक्ता पूँजी रु.१,२३,०५,००,००० बमोजीमको शेयर संख्या १,२३,०५,००० कित्ता शेयर बराबर १ शेयरका दरले १:१ अनुपातमा हकप्रद शेयर जारी तथा निष्काशन गर्ने निर्णय भएकोमा सो शेयर अनुपात संशोधन गरी १:०.६५ अनुपातमा जारी तथा निष्काशन गर्ने सर्वसम्मत रुपमा पारित गर्ने निर्णय गरिएको देखियो।

कम्पनीबाट मिति २०८३/०५/१५ मा प्राप्त पत्रानुसार दशौं बार्षिक साधारण सभाबाट यस कम्पनीको लगानी रहेको श्री युनाईटेड मेवा खोला हाईड्रोपावर लिमिटेडद्वारा प्रबर्द्धित मेवा खोला जलविद्युत आयोजनामा (५० मे.वा.) लगानी गर्नका लागि हाल कायम चुक्ता पुँजी रु.१,२३०,५००,०००।- बराबरको शेयर संख्या १२,३०५,००० कित्ता शेयर बराबर १:१ अनुपातमा हकप्रद शेयर निष्काशन गर्ने निर्णय भएकोमा यस कम्पनीबाट उक्त युनाइटेड मेवा खोला जलविद्युत आयोजना निर्माणको लागि लिएको ऋण रु. ६७,५०,००,०००।- र थप कर्जा रु.१२,५०,००,०००।- गरी जम्मा रु. ८०,००,००,०००।- प्राइम कर्मसियल बैंक लि. बाट कर्जा लिइएकोमा सो कर्जा भुक्तान गर्ने प्रयोजनका लागि एघारौ बार्षिक साधारण सभाबाट १:१ अनुपातको हकप्रद शेयर संशोधन गरी १:०.६५ को अनुपातमा हकप्रद शेयर निष्काशन गर्ने र सो निष्काशनबाट प्राप्त हुने रकम बैंक कर्जा तिर्नमा उपयोग गर्ने उद्देश्य रहेको व्यहोरा उक्त पत्रमा उल्लेख भएको छ।

कम्पनीको माग बमोजिम आयोगको मिति २०८०/१०/२२ को २२२ औं बैठकबाट मेवा खोला ज.वि.आ. (५० मे.वा.) निर्माण गर्ने प्रयोजनार्थ दिएको पूर्व स्वीकृति एवं कम्पनीको दशौँ र एघारौँ वार्षिक साधारण सभाको निर्णयलाई आधार मान्दा, कम्पनीले मेवा खोला जलविद्युत आयोजना निर्माणको लागि रु. ६७,५०,००,०००/– ऋण लिएको देखिएकोले प्रयोजनका लागि हालको चुक्ता पुँजी रु. १,२३,०५,००,०००/– (एक अर्ब तेइस करोड पाँच लाख) को आधारमा १:०.५४८ को अनुपातमा हुन आउने रु. ६७,५०,००,०००/– बराबरको ६७,५०,००० कित्ता हकप्रद शेयर निष्कासन गर्न, तपसिलका शर्तहरूको अधीनमा रही "***विद्युत सम्बन्धी कम्पनीको शेयरको सार्वजनिक निष्कासनको पूर्वस्वीकृति तथा नियमन सम्बन्धी निर्देशिका, २०७८***" को दफा ९ बमोजिम पूर्वस्वीकृति प्रदान गर्ने सम्बन्धमा आयोगको मिति २०८३/०५/२५ को ३१९औँ बैठकको निर्णयानुसार अनुरोध छ।


**विद्युत नियमन आयोग**
काठमाडौँ, नेपाल
इमेल: info@erc.gov.np | वेबसाइट: www.erc.gov.np
फोन: +९७७-१-४५२२४४२, ४५३९००४, ४५४३३९० | फ्याक्स : +९७७-१-४४३२५८२

साथै, कम्पनीले हकप्रद शेयरको पूर्व-स्वीकृतिका लागि मिति २०८०/०९/११ मा रु. ७,००,०००।- दाखिला गरेकोमा हालको व्यवस्था बमोजिम सेवा शुल्क रु. ४,५०,०००।- हुन आउने देखिएको हुँदा बढी दाखिला भएको सेवा शुल्क रु. २,५०,०००।- कम्पनीले आगामी दिनमा पेश गर्ने निवेदनहरुमा समायोजन गर्ने तथा सो विषय समेत कम्पनीलाई जानकारी गराउने निर्णय आयोगको मिति २०८३/०५/२५ को ३१९औँ बैठकको निर्णयानुसार अनुरोध छ।

<u>सर्तहरु:</u>

१. *हकप्रद शेयर निष्कासनबाट प्राप्त हुने रकमको आवश्यकता र औचित्य स्पष्ट रूपमा पुष्टि हुने गरी सो विषय आगामी साधारण सभाबाट अनुमोदन गराउनुपर्नेछ र सोको पन्ध्र दिनभित्र पुष्टि हुने आवश्यक कागजातसहित यस आयोगमा जानकारी गराउनुपर्नेछ।*

२. *हकप्रद शेयरको निष्कासनबाट प्राप्त भएको रकम प्राइम कर्मसियल बैंक लि.को ऋण तिर्ने प्रयोजनमा प्रयोग गरी सो को पन्ध्र दिनभित्र पुष्टि हुने कागजात सहित आयोगमा जानकारी गराउनुपर्नेछ।*

३. *प्रचलित कानुन बमोजिम अनुमतिपत्र जारी गर्ने तह तथा अन्य तहबाट सहमति लिनुपर्ने भएमा सो लिई आयोगलाई जानकारी गराउनु पर्नेछ।*

४. *प्रचलित कानुन बमोजिम लाभकर लगायत अन्य कर बुझाउनुपर्ने भएमा सम्बन्धित तहमा सो कर बुझाउनुपर्नेछ।*

५. *तहाँ अन्तर्गतका शेयरधनीहरूमध्ये कुनै शेयरधनी विद्युत् सम्बन्धी आयोजना बनाई नेप्सेमा सूचीकृत कम्पनी भएमा हकप्रद शेयर जारी गरी लगानी गर्ने भएमा आयोगको पूर्वस्वीकृति लिनुपर्नेछ।*

६. *आयोगले ऐन, नियमावली, विनियमावली र निर्देशिका मापदण्ड, संहिता तथा संस्थागत सुशासन सम्बन्धी निर्देशन बमोजिम कार्यान्वयन गर्न र निर्दिष्ट विषय सम्पादन गर्न समय समयमा आदेश वा परिपत्र जारी गर्दा सोको परिपालना कम्पनीले गर्नुपर्नेछ।*

७. *हकप्रद शेयरको निष्कासन गर्दा प्रथम चरणमा निश्चित समय तोकी संस्थापक शेयरधनीका लागि शेयर निष्कासन गर्नु पर्नेछ। सो बमोजिम संस्थापक शेयरधनीले चुक्ता गर्नु पर्ने कुल रकम र सो रकम चुक्ता गरे नगरेको व्यहोरा खुलाईएको विवरण समेत प्रकाशन गरी दोस्रो चरणमा सर्वसाधारणको लागि हकप्रद शेयरको निष्कासन गर्नु पर्नेछ।*

८. *अनुमतिपत्र प्राप्त कम्पनीले शेयरको सार्वजनिक निष्कासन गर्दा प्रकाशन गरिने विवरणपत्रमा धितोपत्रसम्बन्धी प्रचलित कानुन बमोजिमका विवरणको अतिरिक्त विद्युत् सम्बन्धी कम्पनीको शेयरको सार्वजनिक निष्कासनको पूर्वस्वीकृति तथा नियमन सम्बन्धी निर्देशिका, २०७८ को दफा १६ बमोजिमको विवरण समेत समावेश गर्नु पर्नेछ। उक्त विवरण पत्रमा आयोगबाट स्वीकृत भए बमोजिम प्राइम कर्मसियल बैंक लि. ऋण तिर्ने प्रयोजनका लागि हकप्रद शेयरको निष्कासनको पूर्वस्वीकृति प्राप्त भएको समेत स्पष्ट रूपले खुलाई समावेश गर्नु पर्ने छ।*

स्वस्तिका ढकाल

(वातावरणविद्)


**विद्युत नियमन आयोग**

काठमाडौं, नेपाल

इमेल: info@erc.gov.np | वेबसाइट: www.erc.gov.np

फोन: +९७७-१-४५२२४४२, ४५३९००४, ४५४३३९० | फ्याक्स : +९७७-१-४४३२५८२